# एमबीबिएस तथा बिडिएस इन्टर्न चिकित्सकहरूको मासिक निर्वाह भत्ता सम्बन्धमा राय सुझाव दिन गठित कार्यदलको प्रतिवेदन,२०८३

(मिति: २०८३/०१/३०)

एमबीबिएस तथा बिडिएस इन्टर्न चिकित्सकहरूको मासिक निर्वाह भत्ता सम्बन्धमा

राय सुझाव दिन गठित कार्यदल

# एमबीबिएस तथा बिडिएस इन्टर्न चिकित्सकहरूको मासिक निर्वाह भत्ता सम्बन्धमा राय सुझाव दिन गठित कार्यदलको प्रतिवेदन,२०८३

## परिच्छेद- एक

१. पृष्ठभूमिः

चिकित्सा शिक्षामा स्नातक तहको एमबिबिएस र बिडिएस कार्यक्रमको पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा रहेको एक वर्षे इन्टर्नसीप कार्यक्रममा सरिक हुने विद्यार्थीहरूलाई विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्था र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूले प्रदान गर्ने निर्वाह खर्चका सम्बन्धमा अध्ययन गरी तीस दिन भित्र राय सुझावसहितको प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समक्ष पेश गर्न माननीय शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८३।०१।१४ मा बसेको बैठकको निर्णयअनुसार यो कार्यदल गठन भएको हो ।

२. कार्यदलः

| | | |
|---|---|---|
| १ | श्री चन्द्रकान्त भुसाल, सहसचिव, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | - संयोजक |
| २ | श्री शकुन्तला प्रजापति, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | - सदस्य |
| ३ | श्री बसन्तप्रसाद कोइराला, सदस्य सचिव, चिकित्सा शिक्षा आयोग | - सदस्य |
| ४ | डीन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | - सदस्य |
| ५ | प्रा. डा. अभिमन्यु झा, सहायक डीन, त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान | - सदस्य |
| ६ | डा दीपक कुँवर, सहडीन, स्कुल अफ मेडिकल साइन्सज काठमाडौं विश्वविद्यालय | - सदस्य |
| ७ | श्री मधुप्रसाद घिमिरे, उपसचिव, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य सचिव |

३. कार्यदलको कार्य विवरणः

चिकित्सा शिक्षामा स्नातक तहको एमबिबिएस र बिडिएस कार्यक्रमको पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा रहेको एक वर्षे इन्टर्नसीप कार्यक्रममा सरिक हुने विद्यार्थीहरूलाई विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त शिक्षण संस्था र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूले प्रदान गर्ने निर्वाह खर्चका सम्बन्धमा अध्ययन गरी तीस दिन भित्र राय सुझावसहितको प्रतिवेदन पेश गर्ने ।

४. प्रतिवेदन तयारीका लागि लिइएका आधारहरू :

(क) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५,

(ख) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरू,

(घ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, चिकित्सा शिक्षा आयोग, चिकित्सा शिक्षा प्रदायक शिक्षण संस्थाहरूबाट भए, गरेका कार्यहरू ।

५. अध्ययन विधि

प्रतिवेदन गुणात्मक अध्ययनमा आधारित रहेको जसमा बाराकोटी प्रतिवेदनलाई प्रमुख आधार र चिकित्सा शिक्षा आयोग ,श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका परिपत्र विभिन्न सार्वजनिक तथा निजि मेडिकल कलेज तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुले इन्टर्न चिकित्सकहरुलाइ मासिक रुपमा उपलब्ध गराएको निर्वाह भत्ता र इन्टर्न चिकित्सकको मागपत्रलाइ समेत सहायक आधार मानी विश्लेषण गरिएको छ ।

६. **अध्ययनको सीमाः**

यस कार्यदललाई कार्य सम्पन्न गर्न दिइएको समयसीमा, कार्यदललाई प्राप्त सूचना, सम्बन्धित सरोकारवाला पक्षको उपलब्धता, सुझाव, प्राप्त दस्तावेज समेतका अधारमा कार्यदलले राय सुझाव प्रस्तुत गरेको छ । चिकित्सा शिक्षामा स्नातक तहको एमबिबिएस र बिडिएस कार्यक्रमको पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा रहेको एक वर्षे इन्टर्नसीप कार्यक्रममा सरिक हुने विद्यार्थीहरूलाई निर्वाह भत्ता दिने सम्बन्धमा राय, सुझाव सहितको प्रतिवेदन तयार गर्नसम्म यो अध्ययन सीमित रहेको छ ।

परिच्छेद- दुई

७. **मौजुदा व्यवस्था र अभ्यासः**

एमबीबिएस तथा बिडिएस इन्टर्न चिकित्सकहरूको मासिक निर्वाह भत्ता सम्बन्धमा आवश्यक राय सुझाव प्रदान गर्नको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव एवं प्राविधिक शिक्षा महाशाखा प्रमुख चन्द्रकान्त भुसालको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन भएको। उक्त कार्यदलले एमबिबिएस बिडिएस र यस्तै प्रकारका स्नातक तहको अध्ययन गर्ने विद्यार्थीहरूको एक वर्षको इन्टर्न पाठ्यक्रममा आधारित रही शिक्षा मन्त्रालयलाई राय प्रदान गर्नको लागि स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समिति र नेपाल सरकारका बीच भएको सहमति बमोजिम इन्टर्न चिकित्सक मेडिकल अधिकृत आवश्यक चिकित्सक तथा अन्य चिकित्सक लगायत सम्पूर्ण स्वास्थ्यकर्मीहरूको सेवा सुविधामा न्यूनतम सरकारी सरह एकरुपता कायम गर्ने लगायत तत्काल सुधार गर्नुपर्ने विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिको प्रतिवेदन अध्ययन गरेको थियो । सोहि विषयमा विस २०८१ सालमा समेत अध्ययन गर्न समिति गठन भइ उक्त समितिले ४९ वटा सिफारिस दिएको थियो । प्रतिवेदनका विभिन्न सिफारिसहरूमध्ये खण्ड (ख) मा तलब भत्ता निर्वाह भत्ता तथा अन्य सुविधा सम्बन्धी सिफारिसहरु उल्लेख गरेकोमा चिकित्सा शिक्षा आयोगले इन्टर्न चिकित्सकको हकमा आठौं तह मेडिकल अधिकृतको सुरु तलबको ५० प्रतिशत र आवासीय MD MDS चिकित्सकको हकमा भने आठौं तह मेडिकल अधिकृतको सुरु तलव समेत गरी वर्षमा १३ महिनाको निर्वाह भत्ताको मापदण्ड निर्धारण गर्ने र सम्पूर्ण विश्वविद्यालय प्रतिष्ठान र मेडिकल कलेजहरुलाई कार्यान्वयनका लागि निर्देशन दिने निर्वाह भत्ता सरकारी सरह बनाएको कारण लिइदै आएको शुल्कमा कुनै वृद्धि नगर्ने निर्वाह भत्ता नियमित रूपमा मासिक रुपमा प्रदान नगरिरहेको पाइएकोले मासिक रुपमा प्रदान गर्न निर्देशन दिने र पूर्ण पालना नगर्ने शिक्षण संस्थालाई आवश्यक कारबाही गर्ने साथै चिकित्सा शिक्षा नियमावलीमा संशोधन गरी इन्टर्न चिकित्सकको हकमा आठौं तह मेडिकल अधिकृतको सुरु तलबको ५०% तलब निर्धारण गर्ने उल्लेख गरेको छ ।

निर्वाह भत्ता र तलबको व्यवस्था पालना भएको सुनिश्चित गर्न तथा स्वास्थ्य संस्था दर्ता तथा नवीकरण गर्दा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले र मेडिकल कलेजको हकमा Self-Appraisal र नियमित अनुगमन गर्दा चिकित्सा शिक्षा आयोगले कामको समयसम्बन्धी जानकारी अनिवार्य रूपमा सङ्कलन गर्ने सिफारिस गरेको ।

एमबीबिएस तथा बिडिएस इन्टर्न चिकित्सकहरूको हकमा नेपालमा इन्टर्न चिकित्सकहरूको मासिक निर्वाह भत्ता रु. १०४०० देखि २३००० सम्म रहेको निजी मेडिकल कलेजहरूले मुख्य गरी इन्टर्न चिकित्सकहरुलाई निकै कम निर्वाह भत्ता दिने गरेको दृष्टान्त सहित निर्वाह भत्ता दिएको बैंक स्टेटमेन्ट सहितको प्रमाण पेश गर्दै सार्वजनिक तथा विभिन्न सम्बन्धन प्राप्त निजी मेडिकल कलेज र स्वास्थ्य विज्ञान तर्फका प्रतिष्ठानहरूको प्रतिनिधित्व गर्दै सरकारी तथा निजी मेडिकल कलेज तथा राष्ट्रिय स्वास्थ्य

विज्ञान प्रतिष्ठानहरूले एमबिबिएस तथा बिडिएस इन्टर्न चिकित्सकको निर्वाह भत्ता आठौं तहको मेडिकल अधिकृतको तलबको न्यूनतम ५० प्रतिशत बराबर निर्धारण गरियोस् भनी यस मन्त्रालयमा माग गरी बारम्बार फलोअप समेत गरिएको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रेस विज्ञप्तिमा प्रशिक्षार्थी समेतबाट उजुरी तथा गुनासाहरू प्राप्त भएको विषयमा उक्त मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको भनि मिति २०८३ वैशाख ४ गते प्रेस विज्ञप्ति जारी भएको छ । श्रम ऐन २०७४ को दफा १८ को उपदफा ३ मा तालिमीको रूपमा काममा लगाइएका व्यक्तिलाई रोजगारदाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी विदा, उपदान, सञ्चय कोष, बीमा लगायतका सामाजिक सुरक्षामा कमी नहुने गरी सुविधा दिनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ। श्रम ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थाको पूर्णपालना गर्न सम्पूर्ण रोजगारदाताहरूमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पटक पटक अनुरोध गरेको देखिन्छ ।

निर्वाह खर्च सम्बन्धमा चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगंज चिकित्सा क्याम्पसमा एमबिबिएस र बिडिएस इन्टर्न विद्यार्थीहरुलाई नेपाल सरकारको स्वास्थ्य सेवा अन्तर्गतका मेडिकल अफिसरको सुरु तलबमानको आधा रकम उपलब्ध गराउन स्वीकृतिका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा सिफारिसहित पठाउने भनि चिकित्सा शिक्षा अध्ययन संस्थान कार्यान्वयन समितिको बैठकको निर्णय नम्बर ५६४४ बाट निर्णय भई सोही बमोजिम स्वीकृति प्रदान गर्न क्याम्पसहरुलाई पठाइएको बेहोरा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय बाट डिन प्राध्यापक डाक्टर मोहनराज शर्माले दिनुभएको देखिन्छ ।

सुरु तलब स्केलको ५०% रकम उपलब्ध गराउनको लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र महाराजगञ्ज क्याम्पस तयार रहेको अवस्था समेत देखिन्छ ।

विभिन्न सार्वजनिक तथा निजी मेडिकल कलेजहरूले यस सम्बन्धमा विद्यार्थी शुल्कको आधारमा इन्टर्नमा रहेका चिकित्सकहरूको निर्वाह भत्ता उपलब्ध गराइएको भनी जानकारी प्राप्त भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चिकित्सा शिक्षा आयोगलाई स्वास्थ्यकर्मीहरूको निर्वाह भत्तामा विविधता देखिएकोले सो सुविधाहरू न्यूनतम सरकारी सरह काम गर्नको लागि परिपत्र समेत मिति २०८० माघ महिनाको २ गते गरेको पाइन्छ। नर्स तथा स्वास्थ्यकर्मीहरूको निजी मेडिकल र डेन्टल कलेजहरू तथा अस्पतालहरूमा न्यूनतम पारिश्रमिक लगायत सेवा सुविधाहरु सम्बन्धी मागका सम्बन्धमा सरोकारवाला पक्षहरूसँगको मिति २०८२ कार्तिक १५ गते भएको सम्झौतामा स्वास्थ्यकर्मीहरूलाई न्यूनतम पारिश्रमिक उपलब्ध गराउने भनी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपाल मेडिकल तथा डेन्टल कलेज एसोसिएसन काठमाडौंलाई मिति २०८२ चैत्र महिनाको २० गते परिपत्र समेत गरेको पाइन्छ। चिकित्सा शिक्षा आयोगको मिति २०८१ माघ २५ गतेको परिपत्र अनुसार चिकित्सा शिक्षा

अध्यापन गर्ने सबै विश्वविद्यालयहरू र अन्तर्गतका सम्बन्धन प्राप्त निजी शिक्षण संस्थाहरूलाई निर्णय कार्यान्वयन' सम्बन्धमा चिकित्सा शिक्षा आयोगका अध्यक्षज्यूको अध्यक्षतामा उक्त दिनमा बसेको आयोगको १६ औं बैठकले ~~आवश्यक~~ आवासीय चिकित्सकहरूको निर्वाह भत्ता सम्बन्धमा स्वास्थ्य सेवाको आठौं तह बराबरको उपलब्ध गराउने भनी निर्देशन दिइएको पाइन्छ।

८. राय, सुझावः

१. चिकित्सा शिक्षाको स्नातक तहको एमबिबिएस र बिडिएस कार्यक्रमको अध्ययन अध्यापन बेड साइड टिचिङ्ग लर्निङ्गको अवधारणा अनुरूप स्वास्थ्य सेवामा समेत संलग्न रहने गरी पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा सञ्चालन हुने इन्टर्नसिप कार्यक्रममा संलग्न रहने विद्यार्थीहरूले अस्पतालमा रही अनिवार्य रूपमा व्यतित गर्नु पर्ने समयावधि, कामको कठिनाईको स्तर, रात्रीकालीन सेवा तथा अतिरिक्त कार्यबोझलाई समेत ख्याल राखी इनटर्नसिपमा संलग्न रहने विद्यार्थीको आवास, खाना, यातायात र अन्य अनिवार्य सुविधा लागयतका न्युनतम आवश्यकता परिपूरण गर्नु न्यायोचित हुने हुँदा त्यस्ता विद्यार्थीलाई स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई दिइने स्वास्थ्य सेवाको आठौं तहको सुरू तलव स्केलको आधा रकम (पचास प्रतिशत निर्वाह भत्ता वापत सबै सार्वजनिक तथा निजी शिक्षण संस्थाले उपलब्ध गराउन मनासिव हुने । यस व्यवस्थालाई एक वर्षे इन्टर्नसिप कार्यक्रम रहेका चिकित्सा शिक्षाका अन्य कार्यक्रमहरूमा अध्ययनरत विद्यार्थीहरूका हकमासमेत लागू गर्न उचित हुने ।

२. बुँदा न.१ बमोजिम निर्वाह भत्ताको विषय कार्यान्वयनका लागि सरोकारवालाहरूको परामर्शमा कार्ययोजना तयार गरी लागु गर्न मनासिव हुने,

३. प्रस्तुत राय सुझावहरू कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (च) मा यस ऐन बमोजिम चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकता अनुसार निर्देशन दिने अधिकार चिकित्सा शिक्षा आयोगमा निहित रहेको देखिंदा सम्माननीय प्रधानमन्त्री एवम् आयोगका अध्यक्षज्यूको अध्यक्षतामा चिकित्सा शिक्षा आयोगको बैठकबाट यथोचित निर्णय हुन सिफारिस गरिएको छ।